NIC ASIA CAPITAL

idea to iPO
Connecting the dots...

**प्रेस विज्ञप्ति**

**फाल्गुण २०, २०८१**

**एन आई सी एशिया क्यापिटलद्धारा संचालित एन आई सी एशिया ग्रोथ फण्डको निर्धारित समयावधि समाप्त हुन लागेकोले विभिन्न आर्थिक वर्षहरुमा वितरण गरेको नगद प्रतिफल संकलन गर्ने सम्बन्धमा।**

एन आई सी एशिया बैंक लिमिटेड कोष प्रवर्द्धक तथा एन आई सी एशिया क्यापिटल लिमिटेड योजना व्यवस्थापक तथा डिपोजिटरी रहि एन आई सी एशिया बैंक म्युचुअल फण्ड अन्तर्गत संचालित प्रति इकाई अंकित मुल्य रु.१०/- दरका ८,३५,२०,००० (आठ करोड पैतिस लाख बिस हजार) इकाई रहेको "एन आई सी एशिया ग्रोथ फण्ड" (NIC ASIA Growth Fund) नामक ७ वर्षे बन्दमुखी योजना यहि मिति २०८१/११/२८ गते परिपक्व हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ। उक्त योजनाको इकाईको कारोवार श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८१/११/२५ गते आइतबारका दिनसम्म मात्र हुने र मिति २०८१/११/२६ गतेबाट नै इकाईको खरिद/बिक्री बन्द हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ। मिति २०८१/११/२५ गतेसम्म इकाईको कारोबार भई राफसाफ पश्चात् कायम भएका इकाईधनीहरु मात्र योजना खारेजी पश्चात्को प्रतिफलको लागि योग्य हुनेछन्।

एन आई सी एशिगा ग्रोथ फण्डले विभिन्न आर्थिक वर्षहरुमा देहाय बमोजिमको नगद प्रतिफल वितरण गरेको र उक्त वितरण गरेको प्रतिफल रकम सम्बन्धित इकाईधनीको हितग्राही खातामा उल्लेखित/अद्यावधिक भएको बैंक खातामा जम्मा गरिसकेको छ। आजको मितिसम्म पनि विभिन्न आर्थिक वर्षमा वितरण गरिएको नगद प्रतिफल रकम प्राप्त गर्न बाँकी इकाईधनीहरुको विवरण तथा विविध कारणले गर्दा फिर्ता आएको इकाईधनीहरुको विवरण सहित यस एन आई सी एशिया क्यापिटल लिमिटेडको वेभसाइटमा राखिएको हुँदा उक्त प्रतिफल रकम प्राप्त भए नभएको यकिन गर्नुहुन विनम्र अनुरोध गर्दछौं।

**एन आई सी एशिया ग्रोथ फण्डले हालसम्म वितरण गरेको प्रतिफल सम्बन्धी विवरण :**

| **क्र.सं.** | **वर्ष (आर्थिक वर्ष)** | **वितरण गरिएको प्रतिफल दर (कर सहित)** | **प्रतिफल रकम वितरण गर्न सुरु गरिएको मिति** |
|---|---|---|---|
| १. | पहिलो वर्ष (२०७५-७६) | १०% | २०७६/०५/२६ |
| २. | दोश्रो वर्ष (२०७६-७७) | १२% | २०७७/०६/०६ |
| ३. | तेश्रो वर्ष (२०७७-७८) | ३०% | २०७८/०६/०५ |
| ४. | चौथो वर्ष (२०७८-७९) | १३% | २०७९/०८/०२ |
| ५. | पाचौं वर्ष (२०७९-८०) | १०.५% | २०८०/०८/०१ |
| ६. | छैठौं वर्ष (२०८०-८१) | ९.५०% | २०८१/०६/०४ |
| **छैठौं वर्षसम्म वितरण गरिएको जम्मा प्रतिफल दर** | | **८५%** | |

उक्त योजनाको इकाई हालसम्म पनि अभौतिकीकरण गर्न बाँकी भएमा यथासिघ्र अभौतिकीकरण गर्नुहुन र नगद प्रतिफल प्राप्त लिन बाँकी रहेको देखिएमा आफ्नो इकाई रहेको हितग्राही खातामा बैंक तथा वित्तीय संस्थाको खाता नम्बर यथासिघ्र अद्यावधिक गर्नुहुन अनुरोध गर्दछौं। साथै सम्बन्धित इकाईधनीले आफ्नो हितग्राही खातामा बैंक तथा वित्तीय संस्थाको खाता अद्यावधिक गरे पश्चात् यस क्यापिटलले बाँकी रहेको नगद प्रतिफल रकम सोझै जम्मा गरिदिने व्यवस्था मिलाइएको व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ।

Ramendra

NIC ASIA CAPITAL

.............................
रामेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

१ नेपाली एक DEMAT खाता

मेरो लगानी, मेरो भविष्य